# पिपरा गाउँपालिका
# सार्वजनिक सुनुवाई प्रतिवेदन
## २७ पुस २०७९

**कार्यक्रमको उदेश्य**

- पालिकाबाट प्रवाह हुने वस्तु तथा सेवा सुविधाबारे नागरिकलाई अवगत गराउने ।
- गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहका लागि सेवाग्राहीहरुबाट रचनात्मक पृष्ठपोषण लिने ।
- पालिकालाई जवाफदेही र उत्तरदायी बनाउने ।
- कमी कमजोरीमा सुधार ल्याउने र योजना तथा बजेट पारदर्शी गर्ने ।
- जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीबीचको सम्बन्ध सुधार गर्ने ।

**सार्वजनिक सुनुवाई किन ?**

- स्थानीय सरकार र नागरिकबीच दोहोरो संवाद गर्न ।
- नागरिकबाट रचनात्मक सुझाव प्राप्त गर्न ।
- स्थानीय सरकारप्रति जनताको विश्वास बढाउन ।
- पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न ।
- नागरिकलाई विकास निर्माण कार्यक्रमा अर्थपुर्ण सहभागिता बढाउन ।
- स्थानीय सरकार सञ्चालन ऐन (दफा ७८ को उपदफा ५) कार्यान्वयन गर्न ।

**सार्वजनिक सुनुवाईका क्रममा अवलम्बन गरिएका विधिहरु**

**पहिलो चरण**

- सहजकर्ता (संस्था) प्रस्ताव आह्वान
- सहजकर्ता छनौट र सम्झौता
- सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थान छनौट
- सार्वजनिक सुनुवाईका लागि विषय छनौट
- सहभागीलाई आमन्त्रण एवं पत्राचार
- व्यवस्थापकीय कार्य

**दोस्रो चरण**

- वर्तमान जनप्रतिनिधिको कार्यकाल (आ.व.२०७८।७९ को जेठ र असार तथा आ.व.२०७९।८०को पुस २६ गतेसम्म) को आय, व्यय तथा चालु आ.व.को वार्षिक योजना तथा कार्यक्रम उल्लेखित पुस्तक वितरण तथा प्रस्तुति ।
- अन्तरक्रिया, प्रश्नोत्तर र छलफल ।
- गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतबाट प्रतिबद्धता व्यक्त ।
- कार्यक्रमको समापन ।

**तेस्रो चरण**

CamScanner

- प्रतिवद्धता कार्यान्वयनको अनुगमन

**सार्वजनिक सुनुवाईमा उठेका सवाल तथा गरिएका प्रतिबद्धता र प्रयासहरु**

| क्र.सं. | गुनासो गर्ने व्यक्तिको नाम, थर, ठेगाना | सहभागीको प्रश्न, गुनासो र सुझाव | जवाफदेही वक्ता | जवाफको व्यहोरा ( छोटकरीमा) |
|---|---|---|---|---|
| १ | नितेन्द्र कुमार मिश्र पिपरा -३ | - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्ने प्रभावकारी योजना ल्याइयोस् ।<br>- कृषि क्षेत्रमा सुधारका लागि सिंचाइको व्यवस्था गरियोस् ।<br>- शीतलहरको वेला विपन्नलाई आगो ताप्न दाउरा र वृद्धहरुलाई कम्वल वितरण गरियोस् । | रामजानकी यादव गा.पा.अध्यक्ष | - पिपरा माविलाई नमूना विद्यालय बनाउने गरी अन्तिम चरणमा काम पुगेको छ । गा.पा.का अन्य विद्यालयहरुको पनि शैक्षिक गुणस्तर उकास्न प्रभावकारी योजनाहरु बनेको छ, कार्यान्वयन भएपछि त्यसको प्रभाव देखिनेछ ।<br>- सिंचाइको लागि भूमिगत र सतही सिंचाइको योजनाहरु कार्यान्वयन सुरु भइसकेको छ ।<br>- कम्वल वितरण गर्ने योजना छैन तर दाउरा आपुर्ति भइरहेको छ, भोलीदेखि वितरण सुरु गर्नेछौं । |
| २ | गणित कुमार यादव, पिपरा -३ | धर्म र संस्कृतिको नाउँमा ध्वनी प्रदुषण चरम सीमामा पुगेको छ, नियन्त्रण कहिले गर्ने ? | रामजानकी यादव गा.पा. अध्यक्ष | यो पुरानै समस्या हो । तर, यसलाई नियन्त्रण गर्न नीतिगत रुपमा अघि बढ्ने कोसिसमा छौं । नियन्त्रण हुन्छ । |
| ३ | उज्ज्वल कुमार झा पिपरा -३ | - पालिका भित्रका सडकहरुमा रहेको स्थायी, अस्थायी अतिक्रमण हटाउन कस्तो प्रयास भइरहेको छ ?<br>- सफाइका लागि मासिक शुल्क संकलन गरी व्यवस्थित गरियोस् । | वडा अध्यक्षहरु | पालिका स्तरमै सडक खाली गर्ने मापदण्ड बनाएर अतिक्रमण हटाउने र सरसफाइका लागि योजना अनुसारै काम गर्न हामी तत्पर छौं । |
| ४ | रामचन्द्र पासमान | नाला वन्यो सफाइ | वैदेही पासमान | योजनामा छ, अब काम |

| | | | | |
|---|---|---|---|---|
| | पिपरा -४ | छैन । | वडा अध्यक्ष | हुन्छ । |
| ५ | रामलखन ठाकुर<br>पिपरा -३ | सडक ढलान लगायत योजना कार्यान्वयनको वखत योजनास्थलमा बजेट र क्रियाकलापको विवरण उल्लेखित सूचना बोर्ड किन नभुन्ड्याएको ? | वडा अध्यक्षहरु | यो काम सम्बन्धित उपभोक्ता समितिहरुको हो । उनीहरुलाई हामीले निर्देशन गर्छौं र यसका लागि स्थानीयले पनि उपभोक्ता समितिलाई यो काम गर्न दवाव दिन सक्छन् । |
| ६ | सर्वेस राय<br>पिपरा -७, दनौली | - पुरानैलाई राखेपछि कर्मचारी भर्नाको लागि विज्ञापनको औचित्य के ?<br>-- मिटरव्याजीको विगविगी छ, नियन्त्रण गर्नुपर्‍यो ।<br>- लागु औषध नियन्त्रण गर्नुपर्‍यो ।<br>- घुम्ती सौचालयको व्यवस्था गरिएको छ, धेरै राम्रो भयो तर यो व्यवस्था सवै टोल र वस्तीमा पुगोस् । | रामजानकी यादव<br>गा.पा. अध्यक्ष | - कर्मचारी भर्ना नियमानुसार हुने हो, भइरहेको छ ।<br>- मिटरव्याजीलाई नियन्त्रण गर्ने अधिकार हामीसँग छैन । तर पनि व्यवहारिक रुपमा भएसम्म नियन्त्रण गरिरहेका छौं ।<br>- लागु औषधको कारोवार नियन्त्रण गर्नु ठूलो चुनौति हो तर असर देखिनेगरी काममा लागिरहेका छौं ।<br>- घुम्ती सौचालयले भ्याएसम्म सेवा दिने र भएसम्म स्थायी रुपमै सार्वजनिक सौचालयहरु निर्माण गर्दै जाने योजना छ। |
| ७ | सुर्यदेव यादव<br>पिपरा -२ | सर्वसधारणले पालिकामा कुनै निवेदन दिनुपर्दा अनावश्यक अर्थभार व्यहोर्न वाध्य छन्, विषयगत निवेदनको फर्मेट व्यवस्था गरिदिइयोस् । | रामजानकी यादव<br>गा.पा अध्यक्ष | जायज विषय उठाउनुभयो । यसका लागि काम गर्नुपर्छ । |
| ८ | विनित पाण्डे<br>लोसपा नेता | -२५ वेडको अस्पताल भनाइमै रहने कि कार्यान्वयन पनि हुने ?<br>- अस्पताल भवन मर्मतमा ४८ लाख रुपैयाँ खर्चेको | रामजानकी यादव<br>गा.पा. अध्यक्ष | - २५ वेडको अस्पताल संचालनमा छ, गएर हेर्न सकिन्छ ।<br>- अस्पताल भवन मर्मतमा भएको एक एक रुपैयाँको विल, भर्पाइ फाइलमा छ, |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | देखाइयो, कहाँ के काम भएको छ ?<br>- गहुँको वीउ वितरण गर्ने पालिकाले किसानलाई क्षतिपुर्ति दिने कि नदिने ?<br>- गा.पा. र वडाहरुमा नागरिक वडापत्रहरु खोइ ?<br>- मागेको सूचना प्रमुख प्रशासकीय अधिकृतले किन नदिएको ? | शम्भु ठाकुर<br>प्रमुख प्रशासकिय अधिकृत | काम पनि भएको छ, खर्चको विवरण र कामको अनुगमन गर्न सबैलाई अनुरोध ।<br>- राम्रो भनेर कमसल गहुँको वीउ वेच्ने सप्लायर्सले क्षतिपुर्ति दिनुपर्छ, किसानले क्षतिपुर्ती मागेर निवेदन पेश गर्नुपर्छ ।<br>- नागरिक वडा पत्रहरु तत्काल जारी गर्ने काम भइरहेको छ ।<br>- मागेको एक एक सूचना उपलब्ध गराउँछौं, गराउँदै आएका पनि छौं, सूचना प्रिन्ट गर्न समय लाग्न सक्छ । अहिलेको अहिल्यै किन दिएन नभनिदिनुस् । |
| ९ | देवेन्द्र कापर<br>जनमत नेता | मच्छर उन्मुलन गर्ने अभियान संचालन गरियास् । | | |
| १० | महादेव चौधरी<br>एस नेता | गा.पा.का सवै विद्यालय व्यवस्थापन समितिहरु किन र कुन कानून अनुसार भंग गरेको ?<br>स्वास्थ्य विमालाई प्रभावकारी वनाइयास्। | | |
| ११ | राहुल पाण्डे<br>जसपा नेता | - एम्वुलेन्स सुविधा सुचारु गर्नुस् ।<br>- सडक किनार र अन्य सार्वजनिक स्थानहरुमा वृक्षारोपण गरियोस् ।<br>-<br>नागरिक/सार्वजनिक सुनुवाइका कार्यक्रम हरेक वडामा गर्न सुझाव । | | |

CamScanner

**राम्रो पक्ष**

- सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइएको ।
- सार्वजनिक सुनुवाईमा गा.पा.अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुको सहभागीता भएको ।
- पालिकाको बजेट र योजनाहरु सार्वजनिक गरिएको ।
- नियमित रुपमा वेबसाइट अपडेट भइरहेको ।
- घुम्ती सौचालय प्रयोगमा ल्याइएको ।
- गा.पा.अध्यक्ष र उपाध्यक्ष लगायत पदाधिकारी जनताको गुनासो सुन्न तत्पर रहेको ।
- पालिकाको काम, कारवाहीबारे नागरिकको पृष्ठपोषण लिएको ।

**सुधारात्मक पक्ष**

- घुम्ती सौचालय सबै टोलमा पुग्नुपर्ने ।
- नागरिक वडा पत्र सबै कार्यालयमा हुनुपर्ने ।
- सडक अतिक्रमणमुक्त र नाला सफाइ हुनुपर्ने ।
- वडा स्तरमै नागरिक सुनुवाई कार्यक्रम गरिनुपर्ने ।
- मच्छर न्युनिकरण र जनस्वास्थ्यको काममा अझ तदारुकता देखिनुपर्ने ।

CamScanner